# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) केन्द्रीय समितिको
# तेस्रो पूर्ण बैठकमा प्रस्तुत
# संक्षिप्त राजनैतिक प्रतिवेदन

*प्रिय कमरेडहरू,*

आठौं केन्द्रीय समितिको यो तेस्रो पूर्ण बैठक महान् जनयुद्ध, ऐतिहासिक संयुक्त जनआन्दोलन, मधेस आन्दोलन लगायतका सम्पूर्ण मुक्ति आन्दोलनहरूमा आफ्नो प्राण उत्सर्ग गर्ने ज्ञात-अज्ञात महान् शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । बेपत्ता एवं घाइते, अपाङ्ग योद्धाहरूप्रति सम्मान प्रकट गर्दछ । देशमा प्रतिगामी तथा निरङ्कुश प्रवृत्ति र तत्वहरूका विरुद्ध संविधान, लोकतन्त्र र राष्ट्रिय स्वाधीनताका पक्षधर राजनीतिक शक्तिहरुका बीचमा नयाँ ध्रुवीकरण र मोर्चाबन्दी सुरु भएको छ । विश्व परिस्थितिमा आउँदै गरेको फेरबदलप्रति ठोस धारणा निर्माण गर्न राष्ट्रिय राजनीतिमा प्रतिगामी र दक्षिणपन्थी शक्तिहरुको चलखेललाई परास्त गर्ने नीति र योजना तर्जुमा गर्न तथा स्थानीय तह निर्वाचनबाट शिक्षा लिई संयुक्त मोर्चा, गठबन्धन र तालमेलको नीतिमा स्पष्टता सहित आगामी निर्वाचनको तयारी ठोस कार्ययोजना निर्माण गर्दै पार्टीको आठौं राष्ट्रिय महाधिवेशनको कार्यदिशा कार्यान्वयन गर्ने यो केन्द्रीय समितिको काँधमा विशेष जिम्मेवारी रहेको छ ।

यो केन्द्रीय समितिको बैठक भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनमा विजयी महानगरपालिका, नगरपालिका, गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिलाई हार्दिक बधाई एवं कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछ ।

## १. वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिका केही नयाँ सन्दर्भहरु

कोभिड-१९ महामारी र रुस-युक्रेन युद्धका कारण अहिले विश्व राजनीति र अर्थतन्त्रमा गम्भीर संकट देखा परेको छ । सतहमा रुस-युक्रेन युद्ध देखिए पनि यसको अन्तर्यमा पश्चिमा शक्ति र रुस लडिरहेका छन । यस युद्धले विश्व शक्ति सन्तुलनमा आउँदै गरेको परिवर्तनलाई संकेत गरेको छ । युरोप र एशिया महादेशको बीचमा रहेको रुसको अवस्थिति, सोभियत संघको विघटनपछि भइरहेको पुनःउदय, चीनसँगको बढ्दो सहकार्य र निकटता, ताइवान, तिब्बत लगायतकाको विषयलाई लिएर चिसिएको चीन-अमेरिका सम्बन्ध, चीन-भारतको अर्थतन्त्र र सामर्थ्यको विस्तार नै वर्तमान अन्तर्राट्रिय राजनीतिका प्रमुख मुद्दा हुन् । अबको अन्तर्राष्ट्रिय राजनीति यिनै सन्दर्भको वरिपरि घुम्ने देखिन्छ । अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा आएको परिवर्तनको प्रभावलाई हाम्रोजस्तो विशिष्ट भू-राजनीतिक अवस्थाको देशले कुशलतापूर्वक सामना गर्नुपर्ने चुनौती हो । असंलग्न परराष्ट्र नीतिप्रति प्रतिबद्ध रहँदै शक्तिराष्ट्रहरु बीचको अन्तरविरोधबाट बच्दै तानातानमा नपरी अगाडि बढ्नुपर्ने आश्वयकता छ । पछिल्ला घटनाक्रमहरुमा साम्राज्यवादी र शक्ति राष्ट्रहरुबीचका अन्तरविरोधहरु सत्रुतापूर्ण रुपमा प्रकट भइराखेका छन् । उत्पीडित राष्ट्र र साम्राज्यवादी शक्तिबीचको अन्तरविरोध प्रधान हुदाँहुदै पनि तत्कालका लागि साम्राज्यवादी र शक्तिहरुका बीचको अन्तरविरोध प्रवल रुपमा देखा परेको छ । यो अन्तविरोध मूलतः विश्व शक्ति सन्तुलनमा आएको परिवर्तनको संकेत हो ।

कोभिड महामारीको असर र रुस-युक्रेन युद्धले विश्वको आर्थिक तथा आपूर्ति प्रणालीमा धेरै ठूलो प्रभाव पारेको छ । सन् २००८ को विश्वव्यापी आर्थिक संकटले जस्तै वर्तमान आर्थिक संकटले पनि दूरगामी असर पार्ने देखिन्छ । यसका कारण हाम्रो अर्थतन्त्रमा पर्न सक्ने दुष्प्रभावबाट बच्न बेलैमा तयारी आवश्यक छ ।

आजको स्थितिले हाम्रो जस्तो सानो र आयातमा निर्भर अर्थतन्त्र भएका देशहरूमा मात्र नभई विश्वका प्रमुख आर्थिक शक्ति राष्ट्रसमेतको आर्थिक वृद्धिदरमा कमी आउने देखिएको छ । आर्थिक सहयोग र विकास संगठन ( अर्गनाइजेशन फर इकोनोमिक को-अपरेशन एण्ड डेभलपमेन्ट, ओइसीडी) ले हालै सार्वजनिक गरेको अध्ययन प्रतिवेदनले अमेरिकामा १.३, ओईसीडीका मुलुकहरूमा औसत १.२, चीनमा ०.७, युरोपमा १.७, बेलायतमा १.१, जर्मनीमा २.२, फ्रान्समा १.८, जापानमा १.७, क्यानडामा ०.१ र भारतमा १.२ प्रतिशतका दरले कूल गार्हस्थ उत्पादनमा ह्रास आउने देखाएको छ ।

पेट्रोलियम पदार्थको अतिरिक्त दैनिक उपभोग्य वस्तु र सेवा समेतमा उच्च मूल्य वृद्धि भइरहेको छ । रुस प्राकृतिक ग्यास र पेट्रोलियम पदार्थको अग्रणी निर्यातकर्ता देश हो । यसले सन् २०२० मा २ सय ३८ बिलियन क्युबिक लिटर प्राकृतिक ग्यास निर्यात गरेको थियो । सोही वर्ष दैनिक २० लाख २० हजार ब्यारेल तेल र १० लाख

२० हजार ब्यारेल तेलजन्य उत्पादन निर्यात गरेको थियो । रुस र युक्रेन ठूलो मात्रामा गहुँ, मकै र वनस्पतिजन्य तेलका निर्यातकर्ता देश हुन् । दुई देशले विश्वको कूल गहुँ निर्यातको एक चौथाई, मकै निर्यातको पाँच भागको एक भाग र सूर्यमुखि तेलको दुईतिहाइ हिस्सा ओगटेका छन् । यी दुवै देश युद्धमा होम्मिएका कारण उत्पादन र वितरणको श्रृंखला बिग्रिएको छ । गतवर्ष एक प्रतिशतको हाराहारीमा रहेको अमेरिकाको मुद्रास्फिती ४० वर्ष यताकै सबैभन्दा उच्च ८.६ प्रतिशत पुगेको छ । ओईसीडीका ३८ सदस्य राष्ट्रमा मुद्रास्फिती दर ९ प्रतिशतको वरिपरि पुग्ने अनुमान छ । ब्राजिल ११.३, क्यानडा ६.७, बेलायत ७ र अस्ट्रेलिया ५.१ प्रतिशतको मूल्यवृद्धिसँग जुधिरहेका छन् । यस आर्थिक वर्षमा नेपालको मुद्रास्फिती दर अहिले नै पाँच वर्ष यताकै बढी ७.८७ प्रतिशत छ । यो वर्ष दस प्रतिशतभन्दा माथि हुने अनुमान छ । रुस र युक्रेनले विश्वकै कूल खाद्यान्न खपतको ३३ प्रतिशत हिस्सा निर्यात गर्दछन् । अतः विश्वभर खाद्य संकट निम्तने देखिन्छ । युद्धका कारण युक्रेनबाट करिब ६० लाख मानिस विस्थापित भएका छन् । यसको असर खाद्यान्न उत्पादनमा पर्ने निश्चित प्रायः छ । सन् २०२३ मा पनि विश्वले खाद्य संकट व्यहोनुपर्ने छ भने भारतसहित विश्वका ६० देशले खाद्यान्न निर्यातमा प्रतिबन्ध लगाएका छन् । यसले नेपालको आर्थिक वृद्धिदर र समग्र अर्थतन्त्रमा पनि नकारात्मक प्रभाव पार्ने निश्चित छ । उपरोक्त अन्तर्राष्ट्रिय परिस्थितिको सामना गर्न हामीले मुख्य रुपमा कृषि उत्पादन वृद्धि गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न विशेष जोड लगाउनै पर्दछ ।

## २. वर्तमान घरेलु परिस्थिति

राष्ट्रिय राजनीति विशिष्ट अवस्थामा छ । प्रतिगमनकारी षड्यन्त्र र चलेखल अझै पनि जारी छ । स्थानीय तहको निर्वाचन र त्यसको परिणामले संविधान र लोकतन्त्रको सुदृढीकरण एवं कार्यान्वयनमा महत्वपूर्ण योगदान दिएको छ । स्वभावैले अब हुने प्रतिनिधिसभा र प्रदेशसभाको निवार्चनमा कस्तो खाले मोर्चा, गठबन्धन र तालमेल हुन्छ आमचासोको विषय बनेको छ । यो नयाँ र सकारात्मक स्थितिका बाबजुद देशमा प्रतिगमनकारी षडयन्त्र र चलखेल जारी छ । आन्तरिक राजनीतिमा बाह्य शक्तिको दबाब निरन्तर बढेर गएको छ । देशको आर्थिक अवस्थामा गम्भीर संकटका संकेतहरु देखापरेका छन् । सबैजसो क्षेत्रका आर्थिक सूचकाङ्कहरू नकारात्मक छन् । यस आर्थिक वर्षको ११ महिनाको अवस्था आयाततर्फ १७ खर्ब ६३ अर्ब र निर्यात १ खर्ब ८५ अर्ब रहेको छ । व्यापार घाटा १५ खर्ब ७ अर्ब पुगेको छ भने विदेशी मुद्राको सञ्चिति निरन्तर घट्दो अवस्थामा छ । पुँजीगत खर्च लक्ष्यभन्दा अत्यन्तै कम छ । महंगी आकाशिँदो छ, जसका कारण सर्वसाधारण जनताको दैनिक जीवन कष्टकर बनेको छ । हाम्रो अर्थतन्त्र आयातमुखी र उपभोक्तावादी रहेको छ । कोभिड-१९ र नयाँ विश्व परिस्थितिका कारण उद्योग, व्यवसाय र रोजगारीमा गम्भीर नकारात्मक प्रभावहरु देखिएका छन् ।

आर्थिक असमानता, गरिबी र बेरोजगारी बढेर गएको छ । अर्थतन्त्रमा दलाल र नोकरशाही पुँजीवाद हावी रहेको छ । यसका लागि पार्टीको आठौं राष्ट्रिय महाधिवेशनको दस्तावेजमा उल्लेखित *'प्रत्यक्ष वा परोक्ष वैदेशिक प्रतिक्रियावादी दबाब हस्तक्षेपका विरुद्ध राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई निरन्तर अगाडि बढाएर मात्र जनवादी क्रान्तिका बाँकी कार्यभार पूरा गर्दै समाजवादी क्रान्तिको रणनीतिक आधार तयार पार्न सकिन्छ । आन्तरिक राष्ट्रियतालाई सुदृढ गर्न विभिन्न उत्पीडित वर्ग, जाति, क्षेत्र र समुदायका जनताको पहिचान र अधिकारलाई स्थापित गरेर मात्र बाह्य हस्तक्षेपका विरुद्ध लड्न सकिन्छ । आजको ठोस राजनीतिक परिस्थितिमा संविधान, लोकतान्त्रिक गणतन्त्र एवं राष्ट्रिय स्वाधीनताकोरक्षाका मुद्दामा समान विचार राख्ने वामपन्थी र लोकतान्त्रिक राजनीतिक दलहरूका साथै सम्पूर्ण देशभक्त र जनपक्षीय शक्तिहरूसँग व्यापक संयुक्त मोर्चा कायम गरी प्रतिगामी र प्रतिक्रान्तिकारी शक्तिका विरुद्ध सङ्घर्षको तयारीलाई गम्भीरतापूर्वक अगाडि बढाइ रहनुपर्दछ ।'* भन्ने अंश उत्तिकै सान्दर्भिक रहेको छ ।

एउटा विशिष्ट परिस्थितिमा १२ बुँदे व्याख्यात्मक घोषणा सहित एमसीसी अनुमोदनको बाध्यता पछि एसपीपी सम्झौता मार्फत नेपाललाई आइपीएसको अंग बनाउने प्रयास हाम्रो विशेष पहल समेतका कारण असफल पारिएको छ । एसपीपी सम्झौता सम्बन्धि पार्टीका पहलका कारण देश भित्र र बाहिर सकारात्मक सन्देश प्रवाहित भएको छ ।

## ३. स्थानीय तह निर्वाचन २०७९ को विश्लेषण र यसका शिक्षाहरु

नेपालको संविधानको धारा २९५ को उपधारा (३) ले व्यवस्था गरेअनुसार ७ सय ५३ पालिकाहरु रहेका छन् । पाँच/पाँच वर्षमा आवधिक निर्वाचन हुने संवैधानिक व्यवस्थाअनुसार २०७९ वैशाख ३० गते ७ सय ५२ पालिका (

बाजुराको बुढीगंगा बाहेक) मा निर्वाचन सम्पन्न भएर नयाँ जनप्रतिनिधि आएका छन् । निर्वाचन परिणामलाई राजनीतिक दलले आ-आफ्नै कोणबाट व्याख्या तथा विश्लेषण गरेका छन् ।

स्थानीय तहको दोस्रो निर्वाचनको परिणामअनुसार पालिकाहरुको नेतृत्वको हिसाबमा नेपाली काँग्रेस दोस्रो स्थानबाट पहिलो स्थानमा उक्लिएको छ । नेकपा (एमाले) पहिलो स्थानबाट दोस्रो स्थानमा झरेको छ । हाम्रो पार्टी तेस्रो स्थानमा यथावत कायम रहेको छ । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टी तथा अन्य केही साना राजनीतिक दलहरु यो निर्वाचनबाट सतहमा आएका छन् ।

### ३.१ स्थानीय तहमा निर्वाचित हुने पद र संख्या

देशमा ७ सय ५३ पालिकाहरु रहेका छन् । सरकारले पालिकाहरुलाई राज्यको आवश्यकताको आधारमा महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिका गरी चार समूहमा विभाजन गरेको छ । स्थानीय तहहरुमा प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडाध्यक्ष, दलित महिला सदस्य, महिला सदस्य तथा खुला सदस्य गरी जम्मा ३५ हजार २ सय २१ जना निर्वाचित हुने व्यवस्था रहेको छ ।

**तालिका नं १: स्थानीय तहहरुमा निर्वाचित हुने पद र सङ्ख्या**

| पद | संख्या |
|---|---|
| प्रमुख/अध्यक्ष | ७५३ |
| उपप्रमुख/उपाध्यक्ष | ७५३ |
| वडाध्यक्ष | ६७४३ |
| महिला सदस्य | ६७४३ |
| दलित महिला सदस्य | ६७४३ |
| खुला सदस्य | १३४८६ |
| जम्मा | ३५२२१ |

### ३.२ स्थानीय निर्वाचनमा उम्मेदवारी दर्ताको विवरण

स्थानीय तहको दोस्रो निर्वाचन पहिलो निर्वाचनको तुलनामा पृथक रह्यो । पहिलो निर्वाचनमा मूलतः पार्टीहरुबीच एकल प्रतिस्पर्धा भएको थियो । तथापि केही सीमित ठाउँमा गठबन्धन नभएका होइनन् । स्थानीय तह निर्वाचन-२०७९ मा घोषित रुपमा सरकारमा रहेका पाँच दल (नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा ( एकीकृत समाजवादी) जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा, नेपाल) बीच गठबन्धन गरेर जाने निर्णय बमोजिम गठबन्धनमा रहेका सबै पार्टीहरुले सबै तहहरुमा प्रतिस्पर्धा गरेनन् । भने, प्रमुख प्रतिपक्षी नेकपा एमालेको नेतृत्वमा नौ दलीय गठबन्धन बन्यो । गठबन्धनमा रहेका साना दलहरुले एमालेकै चुनाव चिन्हबाट निर्वाचनमा भाग लिए ।

नेकपा एमालेले प्रमुख/अध्यक्ष पदमा ९८ प्रतिशत स्थानीय तहमा उम्मेदवारी दर्ता गरेको थियो । नेपाली काँग्रेसले ८६ प्रतिशतमा प्रमुख/अध्यक्ष पदमा उम्मेदवारी दिएको थियो । हाम्रो पार्टीले ६२ प्रतिशत प्रमुख/अध्यक्ष पदमा र नेकपा एकीकृत समाजवादीले ४५ प्रतिशत प्रमुख/अध्यक्ष पदमा उम्मेदवारी दर्ता गराएको थियो ।

**तालिका नं २: उम्मेदवारी दर्ताको विवरण**

| | जम्मा पद संख्या | ने.का. उम्मेदवारी | | ए.मा.ले उम्मेदवारी | | मा.के. उम्मेदवारी | | ने.क.पा.ए.स उम्मेदवारी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| प्रमुख/अध्यक्ष | ७५३ | ६४६ | ८६ | ७३८ | ९८ | ४६४ | ६२ | ३३८ | ४५ |
| उपप्रमुख उपाध्यक्ष | ७५३ | ५७२ | ७६ | ७३१ | ९७ | ५३३ | ७१ | ३६० | ४८ |
| वडाध्यक्ष | ६७४३ | ६१४२ | ९१ | ६५२३ | ९७ | ४४४९ | ६६ | २४३८ | ३६ |
| दलित सदस्य | ६७४३ | ५८२८ | ७८ | ६२०९ | ९२ | ३९१८ | ५८ | १६२७ | २४ |
| महिला सदस्य | ६७४३ | ६०९२ | ९० | ६४११ | ९५ | ४१८७ | ६२ | २०२७ | ३० |
| खुला सदस्य | १३८६ | १२१४५ | ९० | १२८९१ | ९७ | ८७२८ | ६५ | ४५४० | ३४ |

## ३.३ पार्टीगत आधारमा निर्वाचित सङ्ख्याको विवरण

स्थानीय तह निर्वाचनमा नेपाली काँग्रेस प्रमुख/अध्यक्ष पदमा ३ सय २९ तहमा जित हासिल गरी पहिलो, नेकपा ( एमाले) २ सय ५ स्थानसहित दोस्रो र हाम्रो पार्टी १ सय २१+१ (स्वतन्त्र उम्मेदवार समाहित भएको) स्थान प्राप्त गरी तेस्रो स्थानमा रहेको छ। प्रमुख पार्टीहरुले प्राप्त गरेको वडाअध्यक्षहरुको मत विश्लेषण गर्दा ३९.९ प्रतिशत मत प्राप्त गरी नेपाली काँग्रेस प्रथम स्थानमा रहेको छ। त्यसैगरी नेकपा (एमाले) ३१.६ प्रतिशत मत प्राप्त गरी दोश्रो स्थानमा र १५.६ प्रतिशत मत प्राप्त गरी हाम्रो पार्टी तेस्रो स्थानमा रहेको छ। चौथो स्थानमा रहेको जनता समाजवादी पार्टीले ४.४ प्रतिशत मत प्राप्त गरेको छ।

**तालिका नं ३: निर्वाचित सङ्ख्याको विवरण**

| पार्टी | प्रमुख/अध्यक्ष | % | उपप्रमुख/उपाध्यक्ष | % | वडाध्यक्ष | % |
|---|---|---|---|---|---|---|
| नेपाली काँग्रेस | ३२९ | ४३.८ | ३०० | ३९.९ | २६६५ | ३९.५ |
| नेकपा (एमाले) | २०५ | २७.३ | २४० | ३१.९ | २१३० | ३१.६ |
| नेकपा (माओवादी केन्द्र) | १२१+१ | १६.२ | १२८ | १७ | १०५३ | १५.६ |
| जसपा | ३० | ४.० | ३१ | ४.१ | २९५ | ४.४ |
| नेकपा (एस) | २० | २.७ | २३ | ३.१ | १९० | २.८ |
| लोसपा | १६ | २.१ | १२ | १.६ | १०३ | १.५ |
| राष्ट्रिय जनमोर्चा | ४ | ०.५ | ४ | ०.५ | २६ | ०.४ |
| राप्रपा | ४ | ०.५ | ४ | ०.५ | ६२ | ०.९ |
| नागरिक उन्मुक्ति पार्टी | ४ | ०.५ | ३ | ०.४ | | |
| जनमत पार्टी | २ | ०.३ | २ | ०.३ | | |
| नेमकिपा | १ | ०.१ | १ | ०.१ | | |
| अन्य पार्टी | ३ | ०.५ | ० | ०.१ | ८२ | १.६ |
| स्वतन्त्र | १२ | ४.० | ४ | ०.५ | १३७ | २.० |

## ३.४ स्थानीय तह पहिलो निर्वाचन र दोस्रो निर्वाचन परिणामको तुलना

संविधान जारीपछिको पहिलो स्थानीय तह निर्वाचन (२०७४) को तुलनामा दोस्रो निर्वाचन (२०७९) मा नेपाली काँग्रेसले प्रमुख/अध्यक्षमा ६३ पद बढी जित्न सफल भएको छ। हाम्रो पार्टीले १६ सिट बढी ल्याएको छ भने जसपा र जनमोर्चाले पनि पहिलेको तुलनामा केही सिट सङ्ख्या बढाएका छन्। यसपटकको स्थानीय तहको चुनावमा नेकपा ( एमाले) ले नराम्रोसँग हार बेहोर्नु परेको छ। पहिलेको तुलनामा उसले ८८ सिट गुमाएको छ। त्यसैगरी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले पनि यसपटकको निर्वाचनमा ९ सिट गुमाएको छ। नेकपा एसले गठन भएको छोटो समयमै उल्लेख्य सफलता हासिल गरेको छ।

नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टी र अन्य पार्टीहरु नयाँ भएर पनि अस्तित्व कायम गर्नसफल भएका छन्।

तालिका नं ४: स्थानीय तह निर्वाचन २०७९ र २०७४ को तुलनात्मक विवरण

| पार्टी | प्रमुख/अध्यक्ष | | | उप प्रमुख/उपाध्यक्ष | | |
|---|---|---|---|---|---|---|
| | जितेको सिट संख्या | | | जितेको सिट संख्या | | |
| | २०७९ | ०७४ | संख्या अन्तर | २०७९ | ०७४ | संख्या अन्तर |
| नेपाली कांग्रेस | ३२९ | २६६ | ६३ | ३०० | २२३ | ७७ |
| नेकपा (ए.मा.ले) | २०५ | २९४ | -८८ | २४० | ३३१ | -९१ |
| ने.क.पा. माओवादी केन्द्र | १२१+१ | १०६ | १६ | १२८ | १०५ | २३ |
| ज.स.पा | ३० | २६ | ४ | ३१ | ३२ | -१ |
| नेकपा (एस) | २० | - | | २३ | - | |
| लो.स.पा | १६ | २५ | -९ | १२ | ३० | -१८ |
| जनमोर्चा | ४ | ३ | १ | ४ | ५ | -१ |
| रा.प्र.पा. | ४ | ४ | - | ४ | ५ | -१ |
| नागरिक उन्मुक्ति पार्टी | ४ | - | | ३ | - | |
| जनमत पार्टी | २ | - | | २ | - | |
| अन्य पार्टी/ स्वतन्त्र | १६ | ३३ | १७ | ५ | २२ | |

उपप्रमुख/उपाध्यक्षमा पनि नेपाली काँग्रेसले पहिलेको तुलनामा ७७ पद थप गरेको छ। हाम्रो पार्टीले पनि पहिलेको तुलनामा २३ पद बढाएको छ। नेकपा (एमाले) ले भने ९१ पद गुमाएको छ। लोसपाले पनि पहिलेको तुलनामा २३ सिट गुमाएको छ।

## ३.५ नगरपालिकाको मत विश्लेषण

नेपाली काँग्रेस सङ्ख्याको आधारमा ४८ प्रतिशत नगरपालिकाको प्रमुखमा विजयी भएको छ। नकपा (एमाले) ले (२८ प्रतिशत) नगरपालिका प्रमुखमा जित हासिल गरेको छ भने हाम्रो पार्टीले ९ प्रतिशत नगरपालिकामा जित्न सफल भएको छ।

**तालिका नं ५: नगरपालिकाको मत परिणाम**

| पार्टी | प्रमुख | प्रतिशत | उपप्रमुख | प्रतिशत |
|---|---|---|---|---|
| नेपाली काँग्रेस | १४१ | ४८.३ | ११० | ३७.७ |
| नेकपा (एमाले) | ८२ | २८.१ | ११४ | ३९.० |
| माओवादी केन्द्र | २५ | ८.६ | ३३ | ११.३ |
| जसपा | ९ | ३.१ | १२ | ४.१ |
| नेकपा (एस) | १२ | ४.१ | ११ | ३.८ |
| लोसपा | ७ | २.४ | ५ | १.७ |
| जनमोर्चा | २ | ०.२ | १ | ०.७ |
| राप्रपा | ३ | १.० | २ | १.० |
| अन्य पार्टी | ४ | २.० | २ | ०.७ |
| स्वतन्त्र | ७ | २.४ | ३ | ०.६८ |

माथि उल्लेखित मतपरिणामलाई हेर्दा शहरी क्षेत्रमा हाम्रो पार्टीको जनमत कमजोर देखिन्छ। आगामी दिनमा पार्टीले शहरी चुनावी रणनीतिमा आमूल परिवर्तन गरी अगाडि बढ्नुपर्ने देखिन्छ।

### ३.६ गाउँपालिकाहरुको मत विश्लेषण

स्थानीय तह निर्वाचन-२०७९ मा नेपाली काँग्रेस ४१ प्रतिशत गाउँपालिका जितेको छ। नेकपा (एमाले) ले २७ प्रतिशत र हाम्रो पार्टीले २१ प्रतिशत गाउँपालिका जित्न सफल भएको छ।

**तालिका नं ६: गाउँपालिकाको मतपरिणाम**

| पार्टी | अध्यक्ष | प्रतिशत | उपाध्यक्ष | प्रतिशत |
|---|---|---|---|---|
| नेका | १८८ | ४०.९ | १९० | ४१.३ |
| एमाले | १२३ | २६.७ | १२६ | २७.४ |
| माओवादी केन्द्र | ९६ | २०.९ | ९५ | २०.६ |
| जसपा | २१ | ४.६ | १९ | ४.१ |
| नेकपा एस | ८ | १.७ | १२ | २.६ |
| लोसपा | ९ | २.० | ७ | १.५ |
| जनमोर्चा | २ | ०.३ | ३ | ०.४ |
| रापपा | १ | ०.२ | २ | ०.४ |
| अन्य | ८ | २.० | ७ | १.५ |
| स्वतन्त्र | ६ | १.० | २ | ०.४ |

नेपाली काँग्रेसको मतपरिणाम हेर्दा शहरको तुलनामा गाउँमा कमजोर रहेको देखिन्छ। नेकपा एमालेको मतपरिणाममा ग्रामीण क्षेत्र र शहरी क्षेत्रमा खासै भिन्नता देखिँदैन। हाम्रो पार्टीको मतपरिणाम भने शहरको तुलनामा गाउँमा मजबुत देखिन्छ।

### ३.७ स्थानीय तहमा पार्टीहरुले पाएको मत विश्लेषण

स्थानीय तहको निर्वाचनमा सबै पार्टीहरु कुनै न कुनै गठबन्धनबाट सहभागी भए । कतै घोषित गठबन्धन थियो भने कतै अघोषित । गठबन्धनबाट आएको जनमतलाई एउटै पार्टीको मात्र जनमत मान्न सकिने अवस्था छैन । प्रमुख/अध्यक्षले पाएको मत यसप्रकार रहेको छ ।

तालिका नं ७ : प्रमुख/अध्यक्षले पाएको मतको सङ्ख्या र तुलना

| | मत परिणाम २०७४ | | मत परिणाम २०७९ | |
|---|---|---|---|---|
| | मत | प्रतिशत | मत | प्रतिशत |
| नेपाली काँग्रेस | ३१,१५,६७४ | ३४.० | ३७,३४,७७९ | ३३.३ |
| नेकपा (एमाले) | ३१,२८,४४४ | ३३.३ | ३८,०९,६९८ | ३४.० |
| नेकपा (माके) | १६,०७,७५८ | १७ | १३,३७,९०५ | ११.९ |
| जसपा | ४,२४,५१० | ४.५ | ५५,७५,२४ | ५.० |
| नेकपा एस | | | ४,५४,३९६ | ४.१ |
| लोसपा | | | २,५०,०२१ | २.२ |
| राप्रपा | २,६२,७६६ | २.८ | ३७,३५,३७ | ३.३ |
| अन्य पार्टी/स्वतन्त्र | ९,२८,३६८ | ९.८ | ६,९०,३३५ | ६.२ |

दुई निर्वाचनको मतको तुलना गर्दा नेपाली काँग्रेस र नेकपा (एमाले) को मतमा खासै परिवर्तन भएको देखिँदैन । तर, तेस्रो स्थानमा रहेको हाम्रो पार्टीको कूल मतमा कमी आएको देखिन्छ। हाम्रो पार्टीले २०७९ को चुनावमा गठबन्धनको लागि करिब २ सय ८९ तहहरुमा उम्मेदवारी दिएको थिएन । ती तहहरुको मत शून्य गणना गरिएको छ । जसको कारण प्रत्यक्ष प्रभाव कूल मतमा देखिएको छ। गठबन्धनको लागि छोडिएका स्थानीय तहहरु २ सय ८९ को औषतमा मत राख्दा पहिलेको भन्दा बढी जनमत हुन आउँछ । त्यसकारण कसैले माओवादीको जनमत घटेको प्रचार गर्दैमा आत्तिनु पर्ने अवस्था छैन । कूल मतमा पहिलो चुनावको तुलनामा दोस्रो चुनावको तथ्याङ्कमा कमी देखिए पनि पहिलेको भन्दा बढी (२३ स्थानीय) तहमा जित हासिल गरेको छ ।

### ३.८ गठबन्धनको समीक्षा र शिक्षा

सरकारमा सहभागी दलहरुबीचको चुनावी गठबन्धन बारे नेतृत्वतहमा जुन स्तरको समझदारी र आवश्यकताको महसुस थियो त्यही स्तरको समझदारी स्थानीय तहमा कायम हुन सकेन । खास गरी नेपाली काँग्रेसको पुरै पंक्ति गठबन्धनप्रति इमान्दार र गम्भीर पाइएन । जसको परिणाम रोल्पा, रुकुम, सल्यान, कालिकोट, भोजपुर, गोरखा, सिन्धुपाल्चोकलगायतका जिल्ला र ती बाहेकका पनि हाम्रो पार्टीको बलियो उपस्थिति रहेका कयौं स्थानीय तहमा हामीविरुद्ध एमाले र अन्य दलहरुसँग गठबन्धन गरी हामीलाई पराजित गर्ने वा कमजोर पार्ने घटनाहरु व्यापक रुपमा देखिए । नेपाली काँग्रेसले आफू बलियो भएको स्थानमा अन्य दलहरुको गठबन्धन बन्न नदिने, हामी र गठबन्धनका दलहरु बलियो भएको ठाउँमा एमाले वा अन्य दलसँग तालमेल गर्ने, आफू कमजोर भएको ठाउँमा पाँच दलीय गठबन्धन कायम गर्ने, कतिपय स्थानमा काँग्रेसका नेताहरुबाटै बागी उम्मेदवार खडा गर्ने जस्ता अघोषित नीति अपनाएको देखिन्छ। काँग्रेसले गठबन्धनका उम्मेदवारलाई मत नदिने वा आफ्ना उम्मेदवारलाई सुरक्षित गर्ने नीति अख्तियार गरी मतदाता शिक्षा दिँदा अत्याधिक मत बदर भएको पाइयो । यसैगरी गठबन्धनको अर्को दल नेकपा एकीकृत समाजवादीले आफ्नो वास्तविक स्थितिभन्दा बढी दाबी गर्दा सिट बाँडफाँटमा ठाउँठाउँमा केही समस्या देखियो । जसको परिणाम केही स्थानहरुमा गठबन्धन नै पराजित बन्न पुग्यो । जनता समाजवादी पार्टी आफ्नो

आधार बलियो भएका तराई-मधेसका स्थानमा गठबन्धनका लागि अनिच्छुक रहेको पाइयो । हाम्रो पार्टी मूल रुपमा गठबन्धनप्रति इमान्दार देखियो भने कतिपय स्थानमा स्थानीय अन्तर्विरोध तथा स्थानीय नेतृत्वको व्यक्तिगत महत्वाकांक्षाका कारण कमजोरी पनि हुन गएका छन् । यी तमाम कारणहरुका बाबजुद विगतको तुलनामा निर्वाचन परिणामलाई सन्तोषजनक नै मान्नुपर्दछ । यद्यपि, पहिलो, पार्टी पंक्तिमा गठबन्धनप्रति आवश्यकताभन्दा बढी विश्वास गर्नाले आफ्नो तयारीमा फितलोपन देखिनु, दोस्रो, गठबन्धन हुँदा उम्मेदवारका आकांक्षी बढी हुने र एकल प्रतिस्पर्धा गर्नुपर्दा अरुची देखा पर्नु, तेस्रो, काँग्रेसलगायतका गठबन्धनका सहयात्रीहरुमा बढी भर पर्नु, चौथो, प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्षमा गठबन्धन हुनु तर, वडातहमा एकल प्रतिस्पर्धा गर्नुपर्दा चुनावी प्रचार, एकीकृत परिचालनमा तालमेल मिलाउन नसक्नु, पाचौं, तालमेल गर्दा व्यक्ति केन्द्रित वा निश्चित पालिका केन्द्रित तालमेलको प्रयत्न गर्नु, छैटौं, लोकप्रियलाई भन्दा आफूनिकटलाई उम्मेदवार बनाउँन जोड गर्नु, आफू वा आफूनिकटकाले उम्मेदवारी नपाउँदा असहयोग गर्नु वा हराउन उद्वत हुनु, सातौं, पैसा खर्च गरेर मतदाता किन्नेजस्ता प्रतिस्पर्धी दलहरुम विकृतिका रुपमा देखा परेको प्रवृत्तिलाई रोक्न नसक्नु, आठौं, कतिपय स्थानमा पार्टीभित्रको गुटबन्दी, असहयोग एवं अन्तर्घातसम्मका गम्भीर कमजोरी र घटनाहरु देखा परे । त्यसका प्रकारका गटबन्दी, असहयोग र अन्तर्घात जस्ता पार्टी विरोधी गतिविधिहरुको गम्भीर छानबिन गरी आवश्यक कारवाही गर्नु पर्दछ ।

आगामी दिनमा पहिलो, आफ्नो शक्ति र संगठनमा भर परेर निर्वाचनको तयारी गर्ने, दोस्रो, गठबन्धन हुँदा वा नहुँदा पनि उम्मेदवार बन्न तयार हुने, तेस्रो, निर्वाचनमा सहभागी हुनुलाई पार्टीको सिद्धान्त, राजनीति र नीतिको प्रचार गर्ने एवं संगठन विस्तारका रुपमा लिने, चौथो, गुट, उपगुट वा निकटताको आधारमा नभई लोकप्रिय उम्मेदवारमा ध्यान दिने, पाचौं, उम्मेदवारको टुंगो लाग्नुअघि प्रतिस्पर्धा गर्नु वा आकांक्षा राख्नु स्वभाविक भए पनि पार्टीले उम्मेदवारको टुंगो लगाएपछि पूरा शक्तिका साथ एकढिक्का भएर विजयी गराउन जोड लगाउने, छैटौं, प्रतिस्पर्धी दलका भ्रम, षड्यन्त्र, चलखेल, पैसाले मत खरिद गर्नेजस्ता विकृतिलाई रोक्न आफ्नो पंक्तिलाई तयार पार्नेजस्ता शिक्षा यस निर्वाचनले दिएको छ ।

### ४. आगामी योजना

नयाँ संविधान अन्तर्गत दोस्रोपटक संघीय एवं प्रादेशिक निर्वाचन अब केहि महिनामै हुँदैछ । स्थानीय तहको निर्वाचनमा हाम्रो पार्टीलाई पराजित गर्ने र सीमान्त शक्तिमा बदल्न चाहने शक्तिहरु स्वयं नराम्रोसँग पराजित भएका छन् । माओवादी पार्टी पुनः शक्तिशाली बन्ने स्पष्ट संकेत देखिएको छ । यस निर्वाचनको शिक्षाहरुलाई गम्भीर आत्मसात गर्दै आगामी आमनिर्वाचनको घनिभूत तयारीमा लाग्नु आजको जिम्मेवारी हो ।

### क. वैचारिक राजनीतिक काम

सवै तहका पार्टी समितिहरुको बैठक आयोजना गरी संविधान र लोकतन्त्रविरोधी, दक्षिणपन्थी तथा प्रतिगामी शक्तिहरुलाई निर्वाचनमा पराजित गर्ने रणनीति र कार्यक्रम बनाउनुपर्दछ । विश्वको राजनीतिमा भइरहेको तीव्र ध्रुवीकरण, भू-राजनीतिक संवेदनशीलता, राष्ट्रियता, सार्वभौमिकता, भौगोलिक अखण्डता, पञ्चशीलको सिद्धान्त, असंलग्न र स्वतन्त्र परराष्ट्र नीतिबारे पार्टी पंक्तिलाई स्पष्ट पार्नुपर्दछ । पार्टीको आठौं राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक कार्यदिशा, विधानको व्यवस्था आदि विषयमा प्रशिक्षित गर्ने । आसन्न निर्वाचनको तयारी, संयुक्त मोर्चा निर्माण, चुनावी गठबन्धन, निर्वाचनमा आफ्नो विचार-राजनीतिको प्रचार, संगठन विस्तार साथै निर्वाचनको प्रयोग बारेका सैद्धान्तिक मान्यता एवं चुनाव र समाजवादी कार्यदिशाबीचका अन्तरसम्बन्धका विषयमा अभियानकै रुपमा प्रशिक्षण सञ्चालन गर्नुपर्दछ ।

## ख. संगठनात्मक काम

आठौं राष्ट्रिय महाधिवेशनको संगठनात्मक कार्यदिशालाई लागू गर्न पोलिट्व्युरो, स्थायी समिति र पदाधिकारी चयन गरी केन्द्रीय समितिलाई पूर्णता दिने ।

- नयाँ सन्दर्भमा आयोगहरुलाई पूर्णता दिएर कामकाजी बनाउने ।
- सल्लाहकार, ज्येष्ठ कम्युनिष्ट मञ्चलाई पूर्णता दिने र बैठकको आयोजना गर्ने ।
- विभागहरुलाई पुनर्गठन र कामकाजी बनाउने ।
- विभागहरुले नयाँ नेपालको खाका बनाउन आफ्नो विषयमा नीतिहरु तयार गर्ने ।
- आगामी निर्वाचनको प्रतिबद्धता-पत्रका लागि सुझाव संकलन र तयारी गर्ने ।
- सबै तहका पार्टी समिति र निकायहरुको बैठक आयोजना गरी आ-आफ्ना कार्यक्रम बनाउने ।
- माओवादी धाराका नेता/कार्यकर्ता र समर्थहकरुलाई ठोस योजना बनाई मूलघरमा फिर्ता ल्याउने ।
- वामपन्थी धाराका नेता, कार्यकर्ता र शुभचिन्तकलाई ठोस कार्यक्रम बनाई पार्टीमा समाहित हुन अपील र पहल गर्ने। सम्भव भएसम्म विभिन्न पार्टीहरु बीचको एकताको पहल अगाडि बढाउने ।
- विभिन्न लोकतान्त्रिक, देशभक्त शक्ति र व्यक्तित्वहरुलाई क्रान्तिकारी धारामा आवद्ध हुन अपिल र पहल गर्ने ।
- स्थानीय तहका निर्वाचनका अनुभवका आधारमा वर्तमान गठबन्धनलाई प्रभावकारी बनाउन जोड गर्ने ।

## ग. नयाँ नेपालको खाका र चुनावी प्रतिवद्धता-पत्र

जनयुद्धको जग र जनआन्दोलनको समायोजनमा आजको परिवर्तन सम्भव भएको हो । हाम्रो पार्टीले नयाँ नेपालको अवधारणा र खाकामार्फत लाखौंलाख जनतामा राष्ट्र निर्माणको सपना जागृत गराएको हो । आजको सन्दर्भमा फेरि एकपटक माओवादीले तीव्र आर्थिक विकास, समृद्धि, सामाजिक न्यायमा आधारित नयाँ नेपालको खाका तयार पार्न आवश्यक छ । पार्टीले विज्ञ, विशेषज्ञसँग छलफल र बहसबाट यस्तो खाका र आगामी निर्वाचनको प्रतिबद्धता-पत्र तयार गरिनेछ ।

## ६. आगामी निर्वाचनको तयारी

आजको परिवर्तनको मुख्य बाहक शक्ति हामी हौं । संघीयता, गणतन्त्र, समानुपातिक समावेशीता, सामाजिक न्याय, धर्मनिरपेक्षता र लोकतन्त्रसहितको नयाँ नेपालको परिकल्पनाकार र नेतृत्वकर्ता हाम्रो पार्टी हो । आज जनताको छनोटको विकल्प माओवादी वा काँग्रेस-एमालेमध्ये एक हुनुपर्थ्यो । क्रान्तिकारी शक्तिमा भएको टुटफुट तथा स-साना समूह निर्माणको श्रृंखलाले क्रान्तिकारी आन्दोलन कमजोरजस्तो देखिएको छ । यथार्थमा, माओवादी र पूरानो संसदवादी धार दुई फरक प्रवृत्ति हुन् । राष्ट्रिय राजनीतिक एजेण्डाका आधारमा हेर्दा हाम्रो पार्टी पहिलो स्थानमा छ । तर, गणितीय संख्याका कारण तेस्रो बनेको छ । अबको जिम्मेवारी भनेको अग्रगामी विचार, संगठन, शक्ति र नेतृत्वको तादाम्यता गराउनु हो । त्यसका लागि पहिलो, सम्पूर्ण केन्द्रीय समितिका सदस्यहरुलाई निर्वाचन केन्द्रित कार्यक्रम बनाई ठोस कार्यविभनसहित निर्वाचन क्षेत्रमा पठाउने । दोस्रो, संघ र प्रदेशमा जनसहभागितासहित चुनावी प्रतिबद्धता-पत्रको तयारी गर्ने । तेस्रो-संघीय तथा प्रदेश निर्वाचन क्षेत्रको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने । चौथो-संयुक्त मोर्चा, गठबन्धनमा सहभागी दल र विपक्षीको अवस्थाको अध्ययन गर्ने । पाचौं- निर्वाचन क्षेत्र आधारित संगठन परिचालन, स्थितिको आङ्कलन र जनताको अपेक्षाको आधारमा निर्वाचनमा विजयी बन्ने रणनीति बनाउने ।

छैठौं-सम्भावित उम्मेदवारहरुको सूची तयार गर्ने । सातौं- दक्षिणपन्थी र प्रतिगामी शक्तिलाई पराजित गर्ने ढंगले चुनावी रणनीतिको तयारी गर्ने ।

**७. मोर्चा तथा गठबन्धनको निर्माण**

नेपाली विशेषतासहितको जनवादी क्रान्ति आधारभूत रुपले सम्पन्न भएको छ । उत्पादक शक्तिको विकास गर्दै राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रको निर्माणमार्फत समाजवादको आधार तयार पार्ने पार्टीको आजको रणनीति हो । समाजवादी कार्यदिशा अलम्बन गर्ने पार्टी, शक्ति र व्यक्तित्वहरुको तत्कालको मोर्चा निर्माण आजको आवश्यकता हो । समाजवादी मोर्चामार्फत नेपाली विशेषताको समाजवाद, त्यसको कार्यनीतिक श्रृंखला, क्रान्तिकारी शक्ति निर्माणजस्ता विषयमा खुला छलफल र बहस गरिनुपर्छ । यसबाट तात्कालिक रुपमा निर्वाचनमा क्रान्तिकारी शक्ति एवं जनतालाई गोलवन्द गर्ने र दीर्घकालीक रुपमा समाजवादी वैकल्पिक क्रान्तिकारी धाराको निर्माण हुनेछ । केपी ओली प्रवृत्तिको दक्षिणपन्थी धारलाई कमजोर पार्ने, संविधान र आन्दोलनका उपलब्धीलाई खोस्न उद्दत प्रतिगामी प्रवृत्तिलाई पराजित गर्नेछ । क्रान्तिकारी धाराको निर्माण गर्दै तत्काल प्रतिगामी र दक्षिणपन्थी शक्तिका विरुद्ध तात्कालीक जिम्मेवारी संविधानको रक्षा, शान्ति प्रक्रियाको पूर्णता एवं संघीयतासहितको लोकतन्त्रमा सहमत शक्तिसँग गठबन्धनको नीति अख्तियार गरिनेछ ।

**८. जनवर्गीय, मोर्चा र पेशागत संगठनको काम**

आगामी निर्वाचनलाई केन्द्रमा राखी जनवर्गीय, मोर्चा र पेशागत संगठनहरुलाई एकीकृत परिचालन गरिनेछ । यसका लागि, सबै जनवर्गीय संगठनको राष्ट्रिय सम्मेलन, भेला र बैठक आयोजना गरिनेछ ।

- मुख्य जनवर्गीय संगठनको सम्मेलन आयोजना गर्ने ।
- पार्टीको सहायक तथा युवा संगठन वाइसीएलको राष्ट्रिय भेला आयोजना गर्ने ।
- अखिल नेपाल महिला संघ क्रान्तिकारीको राष्ट्रिय भेला आयोजना गर्ने ।
- अखिल नेपाल किसान महासंघको राष्ट्रिय भेला आयोजना गर्ने ।
- प्राध्यापक र इन्जिनियर लगायतका पेशागत संगठनहरुको राष्ट्रिय सम्मेलन र भेला आयोजना गर्ने ।
- जातीय/क्षेत्रीय मुक्ति मोर्चाहरुको राष्ट्रिय सम्मेलन र भेला आयोजना गर्ने ।
- सम्मेलन, भेला, बैठक एवं संगठन सुदृढीकरण तथा विस्तार अभियानबाट राष्ट्रिय जागरण र माहोल खडा गर्ने ।
- सम्पूर्ण जवस, मोर्चा, पेशागत संगठनको कामको केन्द्रमा आमनिर्वाचनमा राजनीतिक एजेण्डाको अगुवाई गर्ने, संगठन निर्माण गर्ने एवं विजयी बन्ने हुनुपर्दछ ।

कमरेडहरु,

आज हाम्रो पार्टीका अगाडि सम्भावना र चुनौति दुवै उच्च रहेका छन् । सम्भावनालाई यथार्थमा बदल्न तथा चुनौतिको सामना गर्न सिंगो पार्टी एकढिक्का भएर अगाडि बढ्नुको विकल्प छैन । यसका निम्ति केन्द्रीय समितिको यो पूर्ण बैठक दृढतापूर्वक अघि बढ्ने आफ्नो प्रतिवद्धता व्यक्त गर्दछ ।

*(२०७९ असार १९ गते आइतवार, प्रज्ञा भवन कमलादी, काठमाडौं ।)*